# राणाशाही प्रशासनिक कर्मचारीको सुविधामा विद्यमान असमानता र असन्तुष्टि बारे प्रकाश पार्ने एउटा सनद सवाल

*पुष्पराज चालिसे*

**परिचय**

जुनसुकै समाज वा राष्ट्रको विविध ऐतिहासिक विशिष्टता अथवा गौरवमय अतीत छैन भन्नु तर्कहीन विषय हुन जान्छ । यसै रूपले इतिहास भनेको न त राजनैतिक घटनाक्रमको शिलशिलाबद्ध सूची नै हो न त सैनिक अभियान, राजा, महाराजा, भारदार र सैनिक अधिपतिको जीवनी वा पराक्रम नै हो । बल्की त्यस समाजका जनताको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक एवं प्रशासनिक आदि विविध पक्षहरूको क्रमिक विकासक्रम अनि आरोह एवं अवरोहको वस्तुसत्यको विस्तृत गाथाको साङ्गो पाङ्गो अध्ययन नै वास्तविक अर्थमा इतिहास हो ।

इतिहास लेखन पद्धतिमा इतिहासकारको मूलतः दुईवटा उद्देश्य हुनुपर्दछ । प्रथमतः उ सांस्कृतिक परंपराको संरक्षक हो भने दोश्रोः उ मानवतावाद विकासको व्याख्याता हो । पहिलो दायित्वको रूपमा इतिहासकारले वितेका घटना, विचारधारा एवं संस्थाहरूको निषपक्षरूपले विवरणहरूलाई प्रकाशमा ल्याउनु पर्दछ । ठीक त्यही रूपले दोश्रो दायित्वको रूपमा उसले मानवतावाद त्यसको मूल्य एवं मान्यताको सैद्धान्तिक विकासको लागि दार्सनिक एवं समाजविज्ञको रूपमा सघाऊ पुऱ्याउन प्रयत्न गर्नु पर्दछ ।

उपर्युक्तरूपमा इतिहास लेखनका स्रोतहरूलाई (क) विगतका अवशेषहरू र (ख) लिखित अभिलेखहरू गरी दुई भागमा विभाजित गर्न सकिन्छ । पहिलो खाले स्रोत अन्तर्गत श्रुति परम्परा, वंशावली, ऐतिहासिक, घटनावली, विदेशी विद्वान्हरूको यात्रा वृतान्त र पुरातात्विक महत्त्वका अवशेषहरू आदि पर्दछन् भने लिखित अभिलेखहरूमा समकालीन अभिलेखहरू जस्तै सरकारी निर्देशन र आदेश, विद्युतीय रिकर्ड सामग्री, व्यक्तिगत रोजनाम्चा (Diary), आशिंक उच्च प्रशासनिक अधिकारीहरूको उपयोगिताका लगि तयार पारिएको अति गोप्य सरकारी कामकाजका दौरानमा तैयार पारिएका र सरकारी कार्यालयमा संरक्षित (व्यक्तिगत तवरमा समेत) अभिलेखहरू पर्दछन् ।

कालक्रमका दृष्टिले आधुनिक नेपाली इतिहास लेखनको क्षेत्रमा त्यसमाथि पनि राणाकालीन इतिहास लेखनमा पुरातात्विक अवशेषहरू भन्दा समकालीन अभिलेखहरूको अपेक्षाकृत रूपमा बढी महत्त्व रहनु स्वाभाविकै हो । आधुनिक नेपालको समकालीन सरकारी अभिलेखहरू स्वदेशभित्र खासगरी राष्ट्रिय अभिलेखालय, परराष्ट्र मन्त्रालय, कानून तथा न्याय मन्त्रालय, शाही नेपाली जंगी अड्डा, कौशीतोषखाना (हाल यहाँका कागजपत्र केन्द्रीय इतिहास विभाग त्रि.वि. कीर्तिपुरमा संरक्षित छन्) र पुराना कर्मचारी वर्गको व्यक्तिगत संग्रह तथा विदेशमा भारतीय राष्ट्रिय अभिलेखागार, नयाँ दिल्ली अनि इण्डिया अफिस लाइब्रेरी, लण्डनमा संरक्षित रहेका छन् ।

प्रस्तुत लेख आधुनिक नेपालको राणाकालीन निजामती प्रशासनिक कर्मचारीहरूको सुविधामा विद्यमान असमानता र त्यसप्रतिको कर्मचारी वर्गको असन्तुष्टिमाथि आंशिक प्रकाश पार्ने श्री ३ महाराज मोहन शमशेरको वि.सं. २००५ साल, चैत्र २६ गतेको एउटा सनद सवालमा केन्द्रित रहेको छ । जसले तात्कालीन निजामती प्रशासनको अध्ययनमा शिक्षक तथा विद्यार्थी दुवै वर्गलाई निश्चित रूपमा सहयोग पुग्ने आशा गरिएको छ ।

**ऐतिहासिक पृष्ठभूमि र राणाशाही प्रशासनमा सनद सवालको सर्वोच्चता**

प्रमाणिक ऐतिहासिक युगदेखि वर्तमानसम्म नेपालको राजनीति र प्रशासनमा राजा वा राजतन्त्रको सर्वाधिक महत्त्वपूर्ण एवं सर्वोपरी स्थान रहँदै आएको छ । पंरपरागत रूपमा आध्यामिक

तथा भौतिक दुवैरूपले गद्दीनासीन राजा नेपाल र नेपाली जनताको भाग्य निर्धारणका अग्राधिकारी रहँदै आएका छन् । यद्यपि राजनीतिक जीवनको क्रमिक विकास सँगसँगै विभिन्न युगान्तकारी ऐतिहासिक मोड एवं चरणहरूमा राजतन्त्रको सो सर्वोच्च अधिकार प्रयोगको शैली एवं प्रक्रियागत पक्षहरूमा केही मूलभूत भिन्नता तथा युगजन्य विशेषताहरूको स्पष्ट प्रभाव पर्दै आएको तथ्यसँग नेपाली इतिहासका सामान्य पाठकहरू परिचित रहेकै छन् ।

आधुनिक नेपालका निर्माता पृथ्वी नारायण शाहले राष्ट्रिय एकता अनि र स्थीरताका लागि दर्वारिया षड्यन्त्र एवं हत्याकाण्डहरूलाई प्रश्रय दिइनु हुँदैन भन्ने कुरामा जोड दिई उत्तर मध्यकालीन नेपालको छिन्नभिन्न राष्ट्रियता र अस्तव्यस्त जनजीवनबाट पाठ सिकी राष्ट्र तथा जनताको उज्वल भविष्य निर्माणतर्फ सतर्क गराए तापनि उनको मृत्युको लगत्तै केन्द्रीय सत्ता प्राप्तिका लागि नेपाल दर्वारमा पुन: भारदारवर्गबीच चलेको षड्यन्त्रात्मक हत्यामूलक राजनीति मौलाउ गै सर्वप्रथम जनरल भीमसेन थापाले प्राय: एक वर्गको शासन खडा गरे । त्यसकै जगमा एक कदम अगाडि बढी बुद्धिचातुर्य जंगबहादुर कुँवरले वि.सं. १९०३ आश्विन २ गते जनरल गगनसिंह खवासको हत्याको पूर्पक्षका लागि सामेल भारदारहरूमध्ये आफ्ना विरोधीहरूलाई मृत्युको घाटमा सुताउनुका अतिरिक्त बचेखुचेका विरोधीहरूलाई तत्काल राजधानी एवं मुलुक छोड्न लगाई सर्वप्रथम आफ्नो शक्ति मजबुत पारी सोही शक्तिको आड र चतुर्‍याईंद्वारा अन्तत: जहानियाँ राणा शासन स्थापना गर्न सफल भएका थिए ।

कोतपर्वको तत्कालबाद केवल कम्याण्डर इन चिफ र "बूढा जनरल" को खान्गी पाएका (वैध र मानन्धर (२०५३) ११७) जंगबहादुर ५ श्रावण १९१३ वि.सं.मा राजा सुरेन्द्र विक्रमद्वारा दिइएको लालमोहरअनुरूप श्री ३ महाराजा बन्न पुगे । (अधिकारी, (१९७६ ई.) ५९) त्यसपछि उनका भाइ बमबहादुर प्रधानमन्त्री बने । यसैबीच उनको मृत्यु भयो र उनका अर्का भाइ कृष्णबहादुर का.मु. प्रधानमन्त्री बनाइए ।

परंपरागत राजकीय संरचनाभन्दा भिन्न रूपले नवीन राजकीय पदको श्रृजनाबाट आन्तरिक राजनीतिमा देखापर्न सक्ने अन्योल र ब्रिटिश इण्डिया सरकारको श्री ५ र प्रमं. बाहेकको बीचको पद श्री ३ महाराजासँगको औपचारिक सम्पर्क एवं उनलाई दिइने कुटनैतिक सम्मानमा देखाएको आनाकानीबाट सतर्क भै जंगबहादुरले वि.सं. १९१४ मा राजाबाट पुन: अर्को लालमोहर गराई श्री ३ र प्र.मं. दुवै पद आफैंमा समाहित गरे । सम्पूर्ण राजकीय अधिकार श्री ३ मा हस्तान्रण गरियो । जुन व्यवस्थानुसार प्र.मं. को पद कहिल्यै पजनी नहुने तथा मुख्तियारदेखि सबै कर्मचारीको वार्षिक तथा विशेष पजनी प्र.मं. ले गर्ने भए । (पन्त (२०३३) ३५) यस व्यवस्थाद्वारा राजा यति शक्तिहीन भएकी उनकै राज्यका कर्मचारीमाथिको नियन्त्रणसमेत उनको हातमा रहेन ।

यस प्रकार नेपालमा परंपरागत रूपमा चल्दै आएको राजाको सर्वोपरि संप्रभुतामा अंकुश लगाई "राजतन्त्रभित्रै अर्को राजतन्त्र" रूपको राणाशाही स्थापना हुन पुग्यो । राणाशाहीको मूलभूत विशेषता राजतन्त्रलाई निष्क्रिय पार्ने थियो । तत्कालीन शाह राजाहरू राणाहरूको प्रत्यक्ष निगरानीमा जीवन बिताउन बाध्य बने । राजकीय कार्यमा श्री ३ प्र.मं.ले आफ्ना भाइ भारदारहरूसँग सल्लाह गर्ने चलन थियो; तापनि हुकुम नै सर्वोच्च निर्णय थियो । श्री ३ महाराजको हुकुम निर्णय सबै जीब्रोमा नै थियो । तापनि हुकुम (श्री ३ को प्रमांगी) मर्जीहरू (मुख्तियारदेखि रोलवाला सत्र भाइ राणाजीको निर्देशन) प्रमाणित हुनु पर्दथ्यो र त्यसो गर्ने अनेक तरिका थिए । अनि अर्कोतिर बिना निस्साको कागजमा कुनै जागीरदार वा सरकारको जिम्मेवार निकाय वा संस्थाले कार्यवाही अगाडि बढाउँदैनथ्यो । निस्सा पनि दुई किसिमका थिए ।

(१) "मौखिक" जसमा दर्जा पुगेको अधिकृतको प्रमाणित र

(२) प्रचलित शासनका छाप । तत्कालीन नेपालमा ६ वटा छापहरू प्रचलित थिए । जुन क्रमश: "पन्जापत्र", "लालमोहर", "खड्ग निशाना", "दुई छापे", "एक छापे" र "पुच्छे" थिए ।

(पाण्डे, (२०४२) ११८,११९) तत्कालीन शासनका प्रचलित छापहरूमध्ये श्रेष्ठता र तहगत दृष्टिले "खड्ग निशाना छाप" तेश्रो तहमा रहेतापनि श्री ३ महाराज एवं प्रधानमन्त्रीहरू मुलुकको हर्ताकर्ताको रूपमा स्थापित भएपछि यस छापले तत्कालीन प्रशासन संचालनमा प्रमुख सर्वोच्चता पाएको थियो । राणा प्रधानमन्त्रीहरूले यसलाई लालमोहरको समकक्षी रूपमा अत्यधिक प्रयोगमा ल्याउन चाहेका थिए ।

खड्ग निशाना अड्डाको स्थापना वीर शमशेरको पालामा भएको हो तापनि खड्ग निशाना छापको प्रचलन चन्द्र शमशेरले शुरु गरेका हुन् । यस अघिका श्री ३ प्रधानमन्त्रीहरूले विवरण लेखिएको कागजमा दस्तखत गर्ने चलन थियो । यसपछि कुनै निर्णय गरेको कागजको शिरमा श्री ३ प्र.मं. हरूले आफ्नै हातले खड्गको निशाना लगाएर त्यसभन्दा मुन्तिर आफ्नो सहिछाप गर्दथे अनि प्रमाणको लागि मुख्तियारदेखि खड्ग निशाना अड्डाका हाकिमलगायतले पुच्छारमा सही गरिएको हुन्थ्यो । (पन्त, (२०३३) १०१) खड्ग निशाना छापमा छोटकरीमा बाहुली निशानाको तल खड्ग त्रिशुल अथवा धनु र ईष्ट देवताको नाम लेखिएको हुन्थ्यो । छापलाई कालो मसीमा चोपी लगाइन्थ्यो । छापमा प्र.मं.को नाम पदवी उपाधीहरू (Titles) क्रमश: नेपाली, अंग्रेजी, फारसी र तिब्बती भाषामा लेखिएको हुन्थयो । खड्ग निशाना छाप सवै सरकारी काम कार्यवाहीका लागि सर्वोपरि आदेश थियो । निम्न प्रकृतिका कागजमा त यो छाप लाग्नै पर्दथ्यो–

(१) ऐन बनाउने र संशोधन गर्ने । २) मेमो सदर गर्ने, ३) मुख्तियार र तालुकवालालाई अधिकार प्रत्यायोजन गर्ने, तथा मुख्तियारलाई भइरहेको भन्दा रकम भर मिनाहा दिने । ४) विर्ता प्रदान गर्ने ५) जुवा फुकाउने, ६) सबै खान्कीको थपघटको निकासा, ७) ठेक अंक घटाउने, नयाँ ठेक लगाउने र लागिरहेको रकम खारेज गर्ने, ८) नयाँ दरबन्दी एवं निकासा नभएको गैर रकमको निकासा, ९) भन्सार महसूलको श्रृजना तथा थपघट गर्ने, १०) नयाँ अख्तियार दिन र भएको अधिकार झिक्ने, ११) नयाँ अड्डा खडा गर्ने र भएको मध्ये कुनै खारेज गर्ने अनि, १२) जंगलको रुख बेच्ने आदि । (पाण्डे, (२०४२), १२२) यसप्रकार बिना खड्ग निशाना कुनै दरबन्दीको श्रृजना र खारेजी, नियुक्ति, वर्खास्त बढुवा आदि सदर नहुने, आर्थिक कारोवारको निकासा दिन नपाइने र सनद सवाल पास नहुने हुँदा त्यसबेलाको प्रशासन श्री ३ प्र.मं. को मुठ्ठीमा थियो । यसको प्रचलनपछि लालमोहरको प्रचलन र महत्त्व विल्कुलै घट्न गयो ।

**नेपालमा हुलाक सेवा र राणाकालीन स्थिति**

यहाँ प्रस्तुत सनद सवाल हुलाक सेवाका कर्मचारीसँग सम्बन्धित रहेकाले यसबारे संक्षेपमा चर्चा गर्नु प्रासंगिक देखिन्छ । सृष्टिकालदेखि नै मानव जाति चेतनशील भएका नाताले उसमा सोचविचार गर्ने शक्तिको प्रादुर्भाव भयो । अनि उसले आफ्ना मानसपटलमा उत्पन्न विचार अरूलाई बुझाउन चाहन्छ । यदि टाढा रहेको व्यक्तिलाई सोही भाव अभिव्यक्त गर्नु परेमा चिट्ठीको सहारा लिन्छ । विश्वका प्रत्येक राष्ट्रले आ-आफ्नो भौगोलिक, सांस्कृतिक, आर्थिक स्थिति तथा रीति रिवाज हेरी तदनुकुल हुलाक व्यवस्था परिचालन गर्दै आएको देखिन्छ । नेपालमा पनि हुलाक सेवाको लामो परम्परा देखिन्छ । प्रारम्भमा थाप्ले हुलाक (जंगी तथा सरकारी सामान बोक्ने) र कागजे तथा लौरे हुलाकको अस्तित्व देखा पर्दछ । जहाँसम्म आधुनिक कालमा हुलाक सेवा व्यवस्थाको प्रश्न छ, पृथ्वी नारायण शाहले एक दुई कोशको फरकमा हुलाक अड्डाको व्यवस्था गरी संचालन जाँच प्रकृयासमेत सुव्यवस्थित तुल्याएका थिए । (वैद्य र मानन्धर, (२०५३), १७८) राणाकालमा आएर वि.सं. १९३५ मा रणोद्दिप सिंहको पालामा "नेपाल हुलाक घर" स्थापना भयो । प्रारम्भमा सरकारी चिट्ठीपत्रहरू मात्र आदान प्रदान गर्ने गरिएको हुलाक सेवा वि.सं. १९३८ मा "सदर हुलाक गोश्वारा स्थापना भएपछि महसूलस्वरूप नगद लिई सर्वसाधारण जनतालाई पनि हुलाक सेवा प्रदान गरियो । यसैबीच पूर्व र पश्चिममा गरी कूल ४३ हुलाक अड्डा खोलिए । वि.सं. १९९३ मा भारतको ब्रिटिश इण्डिया सरकारसँग संझौताद्वारा हुलाक सम्बन्ध जोरियो । यसपछि विदेश जाने चिट्ठीहरूको आदान प्रदान हुन थाल्यो ।

विदेश जाने चिट्ठीहरू लैनचौर एक्सचेञ्ज पोष्ट अफिसले तथा स्वदेशमा नेपाल हुलाक गोश्वाराले आदान प्रदान गर्दथ्यो । पछि यी दुवै अड्डा गाभिई "गोश्वारा हुलाक" खडा गरियो । [illegible]

[illegible] कुरा यो छ कि राणाकालमा आएर झारा तथा बेठ बेगार माफ पाएका तथा खेत खाने हुलाकी जस्ता ठेक्दारी प्रथा तोडी प्रायः सबै जासो ठाउँका हुलाकीलाई तलबदारी तुल्याउनुका साथै यस सेवालाई छिटो छरितो तुल्याउने पद्धति एवं कार्यालयहरू क्रमिकरूपमा विकसित गरिएको थियो । (विस्तृत विवरणका लागि हेर्नुहोस् मानन्धर, (२०३५) १,२ र मानन्धर, (२०४८) १-३, तथा ढकाल, (२०४४) २९, ३० ।

**प्रस्तुत सनद सवालको प्रसंग र टिप्पणी**

राणाकालीन नेपालमा निजामति कर्मचारीको सेवा, सुरक्षासम्बन्धी कुनै पनि व्यवस्था थिएन । वार्षिक तथा विशेष पजनीका आधारमा कर्मचारीको नियुक्ति, बढुवा एवं खोसुवा हुने गर्दथ्यो । कर्मचारीले फगत महिनावारी प्राप्त गर्दथे । विदाका हकमा शनिवार अनि पर्व पर्वको विदा बाहेक अरू सहुलियत थिएन । तर सदरमा रोक्नै नहुने कामकाजका लागि खड्ग निशानाका आदेशले काम नरोकिने गरी घर विदामा बस्न वा विशेष तवरको आवधिक काम कार्यवाही टुंग्याउनुपर्ने अड्डाहरूमा ओभरटायम भत्ताको व्यवस्था रहेको तथ्य यही सनद सवालले प्रष्ट्याएको छ । तर यी सुविधा आमरूपमा उपलब्ध गराइएको थिएन । त्यतिबेला सदर हुलाक गोश्वारामा विदाको दिन काम गरेबापत सट्टा घर विदा पाइने तर ललितपुर हुलाकका कर्मचारीलाई भने सदर मा झैं हाजिर गोश्वाराबाट हाजिर लिइने साथै 'पासवाला' पनि हुनै पर्ने (स्मरण रहोस राणाकालमा निजामति चार पास र एघार पासको व्यवस्था थियो) र सवै कर्मचारी सरह दर्शनभेट सलामी (दरबारको व्यक्तिगत खर्चका लागि सरकारी कर्मचारीसँग तलबको आंशिक प्रतिशत कट्टि गर्ने व्यवस्था) कट्टि गरिएर पनि ल.पु. हुलाकमा एक जना मात्र कारिन्दा भएकोले पर्व पर्व र तोकिएको शनिवारसमेत विदा बस्न नपाइएकोले आफूमाथि ठाडै अन्याय पर्न गएको महशुस गरी विदाको दिनमा काम गरेबापत अड्डाको काम नरोकिने गरी घर विदाको व्यवस्था वा अरू अड्डामा ओभर टायम भत्ता पाए सरहको भत्ताको व्यवस्था दुईमध्ये एक सुविधा पाउँ भन्ने रिपोर्ट गरेकाले २००५ चैत्र २६ को प्रस्तुत सनद सवाल जारी हुन गएको देखिन्छ । सो रिपोर्टमाथि कार्यवाही उठाउने क्रममा सदर पोष्टल हेड अफिसबाट अरू [illegible]सलले पाए सरह दर्शन भेट सलामी माफी दिइनुपर्ने र मोफसल हुलाक एवं ललितपुर हुलाक समेतलाई भारतमा झैं वार्षिक एक महिना घर विदा दिइनुपर्ने ठहर गरी सिफारिस गरेकोमा नेपाल हुलाक गोश्वारा डाँक फाँटबाट दर्शनभेट रकम कट्टिमात्र नगर्ने मुनासिव ठहऱ्याईं जाहेर गरेको । त्यसमा मुलुकी अड्डा ऐन सवाल फाँटका तर्फबाट पनि सोही तोक सदर गरी पठाएको र सोहीअनुरूप २००५/११/१२/२४ मा खड्ग निशाना अड्डाबाट सदर भएको व्यहोरा जनाई नेपाल हुलाक गोश्वारा डाँकफाँटका हाकिम कारिन्दाहरूले श्री ३ महाराज मोहन शमशेरमा विन्ति चढाउँदा श्री ३ बाट उपर्युक्त व्यहोरा सदर गरी सनद सवाल जारी भएको देखिन्छ ।

यहाँ प्रस्तुत एवं विश्लेषण गरिएको २००५ चैत्र २६ को सनद सवालले नेपालको निजामति कर्मचारीहरूको तत्कालीन सुविधाको स्थितिमाथि प्रकाश पारेको छ र तत्कालीन निजामति सेवाको इतिहासमा विशेष महत्त्व राख्दछ । प्रस्तुत सनद सवालले तत्कालीन निजामति प्रशासनमा व्याप्त निम्न असमानता, असन्तुष्टि एवं अन्तर्द्वन्द्व उजागर हुन गएको देखिन्छ ।

(१) राणकालीन शासन व्यवस्था केन्द्रिकृत जहानियाँ शासन भएकाले आफ्ना नजिकमा रहेर काम गर्ने कर्मचारीको मर्का मात्र बुझ्दथे र सोही सुविधा अन्य मोफसल अनि दूर दराजका कर्मचारीको पनि नैसर्गिक अधिकार हो भन्ने तथ्यलाई सजिलै पाखा पन्छाइन्थ्यो । जुन कुरा यसै सनद सवालमा प्रयुक्त "सदर हुलाक गोश्वारामा विदाको दिन काम गरेबापत सट्टा विदा पाइने" तथा खास अड्डा नतोकी "अरू अड्डा खानाले ओभर टायम बसी काम गरेबापत पाए सरह भत्ताको निकासा पाउँ" भन्ने वाक्यांशबाट पुष्टि हुन्छ ।

(२) मोहन शमशेर अन्तिम राणा प्रधानमन्त्री थिए । जसरी राणाकालको उत्तरार्धमा नेपाली जनताको आफ्ना नागरिक हक अधिकार प्राप्तिका लागि सङ्घर्ष चलिरहेथ्यो ठीक त्यही रूपमा निजामति कर्मचारीहरू पनि आफ्ना हक अधिकारप्रति जागरुक भै एकातिर तत्कालीन प्रशासनिक सुविधामा रहेको पक्षपातपूर्ण परिस्थितिको अन्त्य गर्ने तर्फ प्रयत्नशील हुनाको साथै अर्कोतिर भारतमा समय क्रममा निजामति कर्मचारीले पाउन थालेका आकर्षक सुविधाबाट आकर्षित भै आफ्नो सेवा सुविधा सुनिश्चित गर्नेतर्फ लालायित भै त्यस पक्षमा सरकार समक्ष मुख खोली माग गर्ने स्थितिमा आइपुगेको स्पष्ट देखिन्छ । जुन कुरा "सदर हुलाक गोश्वाराका कर्मचारी सरह विदाको दिनमा काम गरेबापत सट्टा विदा पाउनु पर्ने" तथा "निश्चित अड्डाखानामा ओभर टायम बसी काम गरेबापत पाए सरहको भत्ता निकाशा पाउँ" भन्ने माग ल.पु. हुलाकका कारिन्दाका तर्फबाट गरिएको मागको रिपोर्टाबाट बुझिन्छ ।

निजामति कर्मचारीको सेवा र सुविधाको एकरूपता एवं थप विस्तृत सुविधाको लागि तत्कालीन प्रशासनमा अन्तर्द्वन्द्व चलेको देखिन्छ । यसमा खासगरी तल्लो तहका कर्मचारी औ निकाय यस पक्षमा बढी जागरुक रहेका अनि माथिल्लो कर्मचारी एवं निकायहरू यसप्रति उदासीन रहेको तथा यसै सनद सवालमा ललितपुरका कारिंदा र सदर पोष्टल हेड अफिस क्रमशः एक रूपको प्रशासनिक सुविधा प्राप्त्यार्थ प्रस्तुत हुनु अनि सदर पोष्टल हेड अफिसबाट अरू मोफसल हुलाक र ल.पु. हुलाकलाई भारतमा झैं वार्षिक एक महिना विदा दिइनुपर्ने तोक बोलेबाट स्पष्ट हुन्छ ।

(३) उपर्युक्त परिस्थिति बाहेक प्रस्तुत सनद सवालबाट तत्कालीन उपत्यका प्रशासनको अर्को पक्षमाथि पनि प्रकाश पारेको छ । त्यो के भने त्यतिबेला उपत्यकामा काठमाण्डौ, ल.पु. र भ.पु. गरी ३ जिल्ला अन्य बाँकी मेचीदेखि महाकालीका भू-भागलाई ३३ जिल्लामा विभक्त गरिएको थियो । तर पनि भक्तपुरलाई मोफसल सरह राखिएको थियो भने सँगैको ललितपुरलाई सदर सरह राखिएको थियो । जुन कुरा प्रस्तुत सनद सवालमा उल्लेख परेको "सदर हुलाक गोश्वारा सरह पासवाला चाहिने, दर्शनभेट सलामी समेत कट्टि हुने" तथा "हाजिर गोश्वाराबाट हाजिर लिने" भन्ने वाक्यांशबाट प्रष्ट हुन जान्छ ।

समग्रमा भन्नुपर्दा प्रस्तुत सनद सवालले तत्कालीन निजामति कर्मचारी बीच विद्यमान असमानता, असन्तुष्टिमाथि प्रकाश पार्नुका साथै तत्कालीन तल्ला स्तरका कर्मचारी तथा निकाय यसप्रतिको सुनिश्चितता एवं थप सुविधाका लागि प्रयत्नशील रहेको तथ्यलाई उजागर गरेको छ । यसखाले अरू सनद सवाल र अभिलेख प्रकाशमा आएर्पाछ अभ्र अरू तथ्यहरू पनि उजागा हुँदै जाने कुरा निश्चित छ । अन्तमा आफ्नो संग्रहमा रहेको प्रस्तुत सनद सवाल अध्ययन गरी प्रकाशन गर्ने अनुमति दिएकोमा केन्द्रीय इतिहास विभाग त्रि.वि. प्रति हार्दिक आभार प्रकट गर्दछु ।

**सनद सवालको मूल पाठ**

कौसीतोसाखानाका हाकींकारीन्दाहरूले पुर्जी हेरी ललितपुर हुलाकका कारींदा सदर हुलाक गोश्वारा सरह पासवाला चाहीने दर्सन भेट् सलामी समेत कट्टि हुने पर्व पर्व र तोकिएको सनीवार स्मेत विदा नपाई डाँक चलाउने कामसमेत गर्नु पर्ने सदर हुलाक गोश्वारामा बिदाको दीन काम गरेबापत सट्टा विदा पाइने भयेकोले ललीतपुर हुलाकलाई पनि १ जना कारीन्दा मात्र भयेकोले अड्डाको काम नरोकिने गरी घरविदामा मिलाई वस्न सदर सरह सट्टा विदा पाइने गरी बक्सने वा अरू अड्डाखानाहरूले ओयर टायं वसी काम गरेवापत पाए सरह भत्ताको निकासा पाउँ भने ल.पु. हुलाकको रपोट परेकोले अरू मोफसल्ले पायेसरह दरसन भेट् सलामी माफी वक्सनुपर्ने र मोफसल हुलाक र यो ललितपुर हुलाक स्मेतलाई ईन्डीया सरह वर्खवर्ख घरविदा सरह साल १ को मैन्हा १ विदा दिने ठहराई सदर पोष्टल हेड् आफीसबाट तोक वोलेकोमा जिल्ला हुलाक सरह दर्सन भेट् रकंकट्टी नगर्ने मुनासीव ठहराई नेपाल हुलाक गोश्वारा डाँकफाँटबाट जाहेर गरेको (मा) बुझ्दा मुख्य काम डाँकमा खटडा

नपर्ने गरी भैपरी आएको हुलाकका कारींदालाई सवाल वमो जीं विदा निकासा पाई वसेकै र कौसी तलवी भै साविक देखी रंक कट्टी भै आयेको स्मेत रीपोट मिसिल्का वेहोरावाट देखीनाले भैरहेका सवाल सनद वमो जीं गर्नु भनी अड्डैवाट फैसला गरी पठाये पनी हुनेजस्तो देखीन्छ तर हुलाकको कारीन्दाले ३६५ दीनै २४ सौं घंटा रुजु रही डाँकको काम गर्नुपर्ने अरू अड्डासरह भत्ता दीन पनी अरू कुनै हुलाकमा विदामा काम गरे वापत भत्ता पाई आयेको स्मेत नदेखीनाले अरू जील्ला हुलाकका कारींदासरह दरशन भेट् सलामी रकंकट्टी सम्म नगर्ने गरी नीकासा दीन मुनासीव देखिनाले जाहेर गरेका छौं निकासाका हक्मा ललीतपुर हुलाकका कारीन्दालाई अरू जील्लाका हुलाकको कारींदा र कौसीतलवी भक्तपुर भिंफेदी हुलाकका कारींदा सरह दशरन भेट् सलामी रकं कट्टी गर्नु पर्दैन भंने यो तोक सदर गरी वक्सेपछी क.की. दर्ता फाँट कौसीतोसाखाना स्मेत ज जस्लाई चाहींछ । जो चाहीने व्यहोराको सनद गरी पठाई लेखीयेवमोजीं गर्नु गराउन भनी तोकसहीतको रीपोट ललीतपुर हुलाकमा पठाउन नेपाल हुलाक गोश्वारा डाँकफाँटमा पठाईदीने ठहराञ्यु जोमार्जी हुकुं भनी मुल्की अड्डा अैसंवाल फाट्वाट वोलेको तोक २००४।११।१२।४ मा खड्ग नीसानावाट सदर भै आयेको हुनाले सो बमोजीम गर्नु भन्ने कौसीतोसाखानाका नाउँमा सनद गरी वक्सनुपर्ने ठहराञ्यौं जोमर्जी हुकुं भनी नेपाल गोश्वारा डाँकफाँटका हाकींकारीन्दाहरूले हाम्रा हजुरमा विंती पार्दा जाहेर भयो तसर्थ सो ठहरायेकोमा हाँमीवाट पनी सदर गरीवक्सेको छ सोवमोजीं गर्ने काम गर ईती सम्वत् २००४ साल चैत्र गते रोज सुभङ ॥ (परिशिष्टाङ्क हेर्नुहोस्)

**सन्दर्भ-कृतिसूची**


अधिकारी, कृष्णकान्त, (२०३३), "व्याकग्राउण्ड अफ १८८५ (ई) कू" *भ्वाइस आफ हिष्ट्री,* (तेश्रो ठेली), कीर्तिपुर : इन्सट्रक्सन कमिटी, टि.यु., पृ. ५९ ।

अग्रवाल, एच.एन. (२०३३), *दी एडमनिष्ट्रेटिभ सिष्टम अफ नेपाल,* दिल्ली : विकास पब्लिसिङ्ग आउस, पृ. १५ ।

ढकाल, लक्ष्मीप्रसाद (२०४४ असोज), "नेपालमा हुलाक सेवाको विकास र विस्तार" *हुलाक,* वर्ष २५, पूर्णाङ्क ११५, काठमाडौं : श्री ५ को सरकार हुलाक प्रशिक्षण केन्द्र, पृ. २९,३० ।

पन्त, साम्वभक्त (२०३३), *नेपालमा जन प्रशासन: : लिच्छविकालदेखि राणाकालसम्म,* काठमाडौं : नैनादेवी पन्त, पृ.३५ ।

पाण्डे, भीमबहादुर, (२०४२) *त्यस बखतको नेपाल* (भाग-५), ललितपुर : साझा प्रकाशन, पृ. ११८, ११९ र ११२ ।

वैद्य, तुलसीराम र मानन्धर त्रिरत्न (२०५३), *आधुनिक नेपालको प्रशासनिक इतिहास,* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, पृ. ११७ र ११८ ।

मानन्धर, जीतबहादुर (२०३१ आषाढ), "नेपाल हुलाक घर" *हुलाक,* वर्ष १६, पूर्णाङ्क ७५, काठमाडौं : श्री ५ को सरकार हुलाक प्रशिक्षण केन्द्र, पृ १,२ ।

----------, (२०४८ पौष), "त्यसवेलाको हुलाक" *हुलाक,* वर्ष २९, पूर्णाङ्क १२८, काठमाडौं : श्री ५ को सरकार हुलाक प्रशिक्षण केन्द, पृ. १-३ ।

**परिशिष्टाङ्ग**

कौसीतोसाखानाका हाकीकांरीन्दाहरूले हेरी ललीतपुर हुलाकका कारींदा सदर हुलाक गोश्वारा सरह पासवाला चाहीले दर्सन भेट सलामस्थित कट्टि हुने पर्व पर्व र तोकिएको सनीवार स्मेत विदानपाई डाँक चलाउने काम स्मेत गर्नुपर्ने सदर हुलाक गोश्वारामा विदाको दीन काम गरे बापत सट्टा विदा पाईने भयेकोले ललीतपुर हुलाकलाई पनी १ जना कारिंदा मात्र भयेकाले अड्डाको काम नरोकीने गरी घरवीदामा मिलाई वस्न सदर सरह सट्टा विदा पाईने गरी वक्सने वा अरू अड्डाखानाहरूले वभर टायं वसी काम गरेबापत पायसरह भत्ताको नीकासा पा*ऽ* भंने ल.पु. हुलाकको रपोट् परेकोले अरु मोफसल्ले पायेसरह दरसन भेट् सलामी माफी वक्सनु पर्ने र मोफसल हुलाक र यो ललीलतपुर हुलाकस्मेत लाई इडीयासरह वर्ख वर्ख घर विदा सरह साल १ को मैन्हा १ विदा दिने ठहराई सदर पोष्टल हेड आफीसबाट तोकवोलेकोमा जिल्ला हुलाकसरह दर्सन भेट् रकंकट्टी नगर्ने मुनासीव ठहराइ नेपाल हुलाक गोश्वारा डाँकफाट् वाट जाहेर गरेकोमा बुभ्दा मुख्य काम डाँकमा खट्डा नपर्ने गरी भैपरी आयेको हुलाकका कारींदा लाई सवाल वमोजीं विदा निकासा पाई वा सैकैर कौसी तलवी भै सावीक देखी रकंकट्टी भै आयेको स्मेत रीपोट् मिसील्का वेहोरावाट देखीनाले भैरहेका सवाल सनद वमो जीं गर्नु भनी अड्डेवाट फैसला गरी पठाये पनी हुने जस्तो देखीन्छ तर हुलाकको कारीन्दा ले ३६५ दीनै २४ सौं घंटा रुजुरही डाँकको काम गर्नु पर्ने तेस्मा सट्टाविदा मजास्मेत को केही निकासा न भयेको यो ललितपुर हुलाक भिंफेदी भक्तपुर हुलाकसरह कौसीतलवी भयेतापनी हाजिर गोश्वारा वाट हाजीर लिनेर दर्सन भेट् सलामी स्मेत कट्टी गरी आयेको र पासवाला पनी चाहीने वीदाको दिं पनी काम गर्नुपर्ने अरु अड्डा सरह भत्ता दीन पनी अरु कुनै हुलाक मा विदामा काम गरेवापत भत्ता पाई आयेको स्मेत नदेखीनाले अरु जील्ला हुलाकका कारींदा सरह दरसन भेट् सलामी रंक कट्टी सम्म न पर्ने गरी नीकासा दीन मुनासीव देखीनाले जाहेर गरेका छौं निकासाका हकमा ललीतपुर हुलाकका कारींदालाई अरु जिल्लाका हुलाकको कारींदार कौसी तलवी भक्तपुर भिंफेदी हुलाकका कारींदा सरह दरसन भेट् सलामी रंक कट्टी गर्नु पर्दैन भंने योतोक सदर गरी वको पछी क की दर्ता फाँट् कौसी तोसाखाना स्मेत ज जस्लाई चाहींछ जो चाहीने व्येहोराको सनद गरी पठाई लेखीये वमोजीं गर्नु गराईनु भनी तोकसहीतको रीपोट् ललीतपुर हुलाकमा पठाईन नेपाल हुलाक गोश्वाराडाँक फाँट्मा पठाई दिने ठहरा न्यु जोमर्जी हुकुं भनी मु ल्की अड्डा औं सवाल फाँट् वाट वोलेको तोक २००४।११।१२।४ मा खड्ग नीसाना वाट सदर भै आयेको हुनाले सो वमोजिम गर्नु भंने कौं तोसाखाना कानार्डमा सनद गरी वक्सनपर्ने ठहरा न्यौं जोम र्जी हुकुं भनी नेपाल हुलाक गोश्वारा डाँकफाँट्का हाकीं कारींदा हरूले हाम्रा हजूरमा विंती पार्दा जाहेर भयो तसर्थ सो ठकरायेकोमा हाँमीवाट पनी सदर गरी वक्सेको छ। सोवमोजीं गर्ने काम गर ईती सम्वत् २००४ साल चैत्र   गते रोज सुभम्